८२० - ४३२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४९०/२०७२/०७३
निर्णय नं. ५३२

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), सुन्दरबजार नगरपालिका कार्यालय, सुन्दरबजार, लमजुङ्ग ....१ विपक्षी

सूचना अधिकारी, सुन्दरबजार नगरपालिका कार्यालय, सुन्दरबजार, लमजुङ्ग ..............................१

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले सुन्दरबजार नगरपालिका कार्यालय, सुन्दरबजार, लमजुङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम सुन्दरबजार नगरपालिकाको कार्यालय, सुन्दरबजार, लमजुङ्गलाई मिति २०७२।०७।२९, च.नं. ४२५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त सुन्दरबजार नगरपालिका कार्यालय, सुन्दरबजार, लमजुङ्गको मिति २०७२।०८।२९, च.नं. ११६५, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी सकिएको छ भनी यस आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।